**NEPALI**

# फिनल्याण्डमा काम गर्नुहुँदा

तपाईं फिनल्याण्डमा काम गर्न आउनुहुँदा निम्न कुराहरू ध्यान राख्नुहोस् ।




Ali

# फिनल्याण्ड  जानु अघि ध्यान दिनु पर्ने कुराहरु

## कामको व्यवस्था गर्ने एजेन्टलाई भुक्तानी गर्नु पर्दैन

तपाईंले तपाईंको लागि काम दिने वा मिलाउने व्यक्ति वा कम्पनीलाई केहि पनि तिर्नु पर्दैन। फिनिश कानून अन्तर्गत, कुनै पनि व्यक्ति वा कम्पनीले तपाईंलाई कुनै पनि समयमा , तपाई घर फर्के पछि पनि कुनै पनि शुल्क तिर्नु पर्दैन। तपाईंको खर्चहरू मात्र निम्न छन्:

- **आवेदन शुल्क**
- **कागजातसँग सम्बन्धित शुल्क, तथा**
- **तपाईंको फिनल्याण्ड यात्राको  टिकट**

सबै भुक्तानीका लागि रसिदहरू बचत गरेर राख्नुहोस्।

## रोजगार सम्झौता, मजदूरी तथा रोजगारको सर्तहरू

तपाईं फिनल्याण्डको लागु प्रस्थान गर्नु अघि, तपाईंलाई बाचा गरिएको काम वास्तवमै छ भनि सुनिश्चित गर्नुहोस्। यदि तपाईं पक्का हुनुहुँदैन भने, तपाईंको फिनल्याण्डको नजिकैको नियोगमा सम्पर्क गर्नुहोस्।

तपाईंको तलब तथा काम गर्ने समय जाँच गर्नुहोस्

- **रोजगार सम्झौता**
- **कामको बाध्यकारी प्रस्ताव**
- **TEM054 फारम**
- **TY6_plus संलग्न फारमहरू (ऋतु-विशेष किसिमको कार्य)**

तपाईंको ज्याला बाँच्नको लागि पर्याप्त हुनुपर्छ। फिनल्याण्ड एक महंगो देश हो।

रोजगारदाताले पछि सम्झौतापत्रहरु  खराब बनाउन वा  बदल्न हुँदैन। रोजगारदातालाई तपाईंको ज्याला तथा सुविधाहरू बढाउनको लागि  अनुमति छ।

उदाहरणका लागि, रोजगारका सबै सर्तहरू कागजमा वा ईमेलमा रेकर्ड हुनै पर्छ। सबै कागजात तथा ईमेलहरू राख्नुहोस्। तिनीहरू  विवादको अवस्थामा आवश्यक हुनेछन्।

# तपाईं फिनल्याण्डमा आउनुहुँदा

## रोजगार सम्झौता तथा कामको सुरुवात

जब तपाईंले  आवासीय अनुमति प्राप्त गर्नु हुन्छ, ऋतु विशेष कार्यको भिसा अथवा ऋतु विशेष कार्यको प्रमाणपत्र  प्राप्त गर्नुभएपछि फिनल्यान्डमा काम गर्न सक्नुहुन्छ।

यदि तपाईं अधिकतम तीन महिनाको लागि काम गर्न आउनुभएमा, तपाईंलाई
निवास अनुमति चाहिँदैन। यसलाई फिनिश अध्यागमन विभागको वेबसाईत
migri.fi/en/work-without-residence-permit मार्फत जाँच गर्नुहोस्।(अंग्रेजी भाषामा उपलब्ध छ।)

फिनल्यान्डमा रोजगारदाता युनियन तथा कर्मचारी युनियनहरू ज्याला र रोजगारको सर्तमा सहमत छन्। उदाहरणको लागि युनियनहरूले न्यूनतम ज्याला र काम गर्ने घण्टामा एक सामान्य सम्झौतामा निर्णय गर्दछन्। घण्टा अनुसारको ज्याला प्राय कम्तिमा ८ युरो  हुनुपर्छ। तालिम अवधिमा पनि भुक्तानी गरिन्छ।

फिनल्याण्डमा काम गर्ने अवस्थाहरू पेशागत सुरक्षा र स्वास्थ्य अधिकारीहरूको लागि  धेरै भाषाहरूमा वर्णन गरिएको छ। फिनल्याण्डमा एक विदेशी कामदारहरूलाई जानकारी यस वेबसाइतद्वारा बयान गरिएको छ, tyosuojelu.fi/work-in-finland।

रोजगारदाता र कर्मचारीले थप विस्तृत रोजगार सम्झौता गर्नेछन्। रोजगार सम्झौता तपाईंले बुझ्ने भाषामा तयार गरिएको हुनुपर्छ ।रोजगारदाता र कर्मचारी दुबैले सम्झौतापत्रमा हस्ताक्षर गर्नुपर्छ।  रोजगारदाता र कर्मचारी बिचको  मौखिक सम्झौतालाई पनि मनन गरिन्छ तर मौखिक सम्झौताहरू प्रमाणित गर्न गाह्रो हुन्छ।

यदि तपाईंले कुनै पनि लिखित  सामग्री बुझ्नुभएको छैन भने रोजगार सम्झौता वा अन्य कागजमा हस्ताक्षर नगर्नुहोस्। केहि बिन्दुहरु तपाईलाई स्पष्ट छैन भने सोध्नुहोस्। यदि रोजगारी सम्झौता मौखिक रूपमा गरिएको छ भने, रोजगारदाताले तपाईंलाई रोजगारीका सर्तहरूको लिखित स्पष्टीकरण दिनुपर्छ। यदि तपाईंले अनुरोध गर्दा पनि स्पस्टिकरण  प्राप्त गर्नुभएन भने, कृपया व्यावसायिक सुरक्षा प्राधिकरणलाई सम्पर्क गर्नुहोस्।

रोजगारदाताले तपाईंको राहदानी र आवासीय अनुमतिको प्रतिलिपि राख्न सक्छन् तर रोजगारदाताले मूल कागजात राख्न सक्दैनन्। तपाईंको आवासमा सुरक्षित स्थान छैन भने तपाईंले रोजगारदातालाई राहदानी राख्नको लागि दिन सक्नुहुन्छ।


WORK CONTRACT
38h/week
2200€



## रोजगारदाता र कामदारको अधिकार तथा दायित्वहरू

तपाईंसँग आवासीय अनुमति नभए तापनि, विदेशी कामदारको रूपमा तपाईंसँग पनि  फिन्निश कामदारहरुको जस्तै  समान अधिकार र दायित्वहरू हुनेछन् ।

फिनल्याण्डमा, व्यावसायिक सुरक्षा र स्वास्थ्य प्राधिकरणले कार्यस्थलहरूको निरीक्षण गर्दछ। यदि तपाईलाई काममा कुनै समस्या छ भने तपाईले जहिले पनि व्यावसायिक सुरक्षा र स्वास्थ्य प्राधिकरणलाई सम्पर्क गर्न सक्नुहुन्छ। उदाहरणका लागि, यदि तपाईंलाई धेरै कम तलब दिइन्छ वा काम सुरक्षित छैन भने। यदि तपाईं चाहनुहुन्छ भने, तपाईंले हामीलाई अज्ञात रूपमा सम्पर्क गर्न सक्नुहुन्छ।

तपाईं मजदुर संघमा सामेल हुन सक्नुहुन्छ र केही महिनाको काम पछि, बेरोजगारी कोषमा सामेल हुन सक्नुहुन्छ। यदि तपाई बेरोजगार हुनुभयो भने तपाईले बेरोजगारी बीमा कोषबाट दैनिक भत्ता प्राप्त गर्न सक्नुहुन्छ। यदि तपा ईको रोजगारदाता संग समस्या छ भने संघले तपा इँला ई मद्दत गर्न सक्छ।

तपाईंको रोजगारदाताले कामको सुरक्षाको सुनिश्चित गर्नुपर्दछ। तपाईंले कामको वातावरण, उपकरण र नियमहरूको बारेमा मार्गदर्शन प्राप्त गर्नुपर्छ। रोजगारदाताले दुर्घटनाहरूको लागि तपाईंलाई बीमा पनि गर्नुपर्छ।

फिनल्याण्डमा काम गर्ने समय प्रति  हप्ता बढीमा ४० घण्टा तोकिएको छ।  तपाईंले कुनै काम वा ग्राहकहरू नहुँदा पनि कार्यस्थलमा बिताउनुभएको सबै घण्टा काम गर्ने घण्टाको रूपमा गणना गरिन्छ। तपाईं हरेक हप्तामा छुट्टिको  हकदार हुनुहुन्छ। अर्को शब्दमा तपाईंले हरेक हप्ता आराम नगरी काम गर्नुपर्दैन।  तपाईं भुक्तानी हुने वार्षिक छुट्टिहरूको पनि हकदार हुनुहुन्छ।

तपाईंले आफु र रोजगारदाताले सम्झौतामा सहमति जनाइसकेको काम मात्र गर्नुपर्छ। कानून र सम्झौता अनुसार ओभरटाइमको कामलाई तपाईंको सहमति चाहिन्छ। तपाईंले ओभरटाइमको कामको लागि सम्झौता अनुसार क्षतिपूर्ति पनि पाउनुपर्छ। तपाईंले काम गर्नुभएको सबै घण्टाको लागि भुक्तान पाएको कुराको निश्चित गर्नुहोस्। तपाईंको  हकमा भएको छुट्टिको संख्याको जांच गर्नु होस्।

नोटबुक वा तपाईंको फोनमा तपाईंको काम गर्ने घण्टा प्रत्येक दिन रेकर्ड गर्नुहोस्। तपाईंले काम गर्ने घण्टा देखाउने कामको तालिका वा शिफ्ट सूचीको फोटो पनि खिच्न  सक्नुहुन्छ। तपाईंलाई यो जानकारी पछि चाहिन सक्छ।

कसैले पनि तपाईंलाई यौन सम्पर्क गर्न वा अवैध कार्यहरू गर्न बाध्य पार्न हुँदैन। कार्यस्थलमा धम्की र हिंसा अपराध हुन्। तपाईं काममा नहुँदा तपाईंसँग स्वतन्त्र तरिकाले घुम्न-चल्ने अधिकार हुन्छ।

यदि तपाईंलाई धम्की दिइएको छ भने कार्यस्थान बाहिरको सुरक्षित स्थानमा जानुहोस् र आपतकालिन नम्बर ११२ मा फोन गर्नुहोस्। यदि तपाईंसँग फिनल्यान्डमा आवासीय अनुमति छैन भने पनि तपाईंलाई मद्दत गरिनेछ।

## बैंक खाता र तलबको भुक्तानी

फिनल्यानडमा तलब बैंक खातामा भुक्तान गरिन्छ (उदाहरणका लागि, ऋतु अनुरुप गरिएको कामामा, तलब नगदमा भुक्तानी गर्न सकिन्छ)। बैंक खाता व्यक्तिगत हुन्छन। कसैलाई पनि तपाईंको खाता, तपाईंको एतीएम बैंक कार्ड वा तपाईंको अनलाईन बैंकको कोडहरू प्रयोग गर्ने अधिकार छैन।

तपाईंले ज्यालाको प्रत्येक भुक्तानीको सम्बन्धमा भुक्तानीको विवरण पाउन सक्नुहुन्छ। विवरणले देखाउँदछ

- **तलब (र तलब कसरी गणना गरिन्छ)**
- **पूरक विवरण**
- **लाभ (उदाहरणको लागि आवास)**
- **कर विवरण**
- **कानूनद्वारा आवश्यक पर्ने अन्य शुल्कहरू**

रोजगारदाताले ज्यालाबाट गैरकानूनी शुल्कहरू घटाउन सक्दैन। रोजगारदातालाई तपाईंको ज्यालाको कुनै पनि अंश तपाईंको बैंक खाताबाट अर्को खातामा सार्न अनुमति छैन। रोजगारदाताले तपाईंको तलब वा तलबको कुनै पनि अशं तपाईंको आफ्नो खाताबाट अर्काको खाता मार्फत पुन: प्रयोग गर्न सक्दैनन् ।

यदि तपाईंले आफ्नो रोजगारदाताबाट तलब विवरणको लागि मागे तापनि प्राप्त गर्नुभएन भने, रोजगार सुरक्षा प्राधिकरणलाई सम्पर्क गर्नुहोस्।



## यदि तपाईंको अवस्था परिवर्तन भएको खण्डमा

यदि तपाईंको आवासीय अनुमति समाप्त हुन लागेको छ भने समयावधि सकिनु ठिक अघि नयाँ अनुमतिको लागि आवेदन दिनुहोस्। तपाईंले यसलाई प्राप्त गर्नुभएपछि रोजगारदातालाई नयाँ आवेदन र निवासको प्रमाणपत्र देखाउनुहोस्।

तपाईंले कुनै पनि समयमा आफ्नो काममा राजीनामा दिन सक्नुहुन्छ। कार्य समाप्ति सूचना अवधि प्राय १४ दिनको हुन्छ। त्यस्तो अवस्थामा फिनल्यान्डमा नयाँ रोजगार वा बस्ने कारण नभएको खण्डमा फिनल्यान्डमा तपाईंको बस्ने अधिकार समाप्त हुनसक्छ। तपाईंलाई सामान्यतया समान पेशा क्षेत्र वा पुरानै कामको फाँटमा नयाँ रोजगारदाता फेला पार्न मात्र अनुमति दिइन्छ। यदि तपाईं अर्को पेशा क्षेत्रमा काम गर्न चाहनुहुन्छ भने तपाईंले नयाँ आवासीय अनुमतिको लागि आवेदन दिनु पर्ने हुन्छ ।

यदि तपाईंको रोजगारदाताले कानून वा सम्झौताका साथ पालना गर्दैन भने फिन्नीस अध्यागमन विभागमा सम्पर्क गर्नुहोस्। यदि तपाईंलाई तपाईंको कार्यस्थलमा अपराधिक तरिकाले व्यवहार गरिन्छ भने तपाईंले सल्लाहको लागि मानव तस्करीको शिकारको पिडीतहरुको लागि बनाइएको वेबसाइटमा (ihmiskauppa.fi/en) सोध्न सक्नुहुन्छ वा तिनीहरूलाई +३५८ २९५ ४६३१९७ मा फोन गर्न सक्नुहुछ। त्यस्ता अवस्थाहरूमा तपाईंले आफ्नो आवासीय अनुमतिलाई विस्तार गर्न र अन्य रोजगारदाताको लागि काम गर्न सक्नुहुनेछ।

यदि तपाईं कुनै अपराधको शिकार हुनुभएको छ भनेर शंकास्पद हुनुभयो भने पुलिसलाई सम्पर्क गर्न सक्नुहुनेछ (आपतकालिन नम्बर ११२) तपाईंले ईमेल (help@riku.fi) मार्फत वा टेलिफोनद्वारा वा सन्देश पठाएर ( फोन +३५८ ४०६३२ ९२९३) सम्पर्क गर्न सक्नुहुनेछ ।

पीडित सहायता फिनल्यान्ड र मानवतस्करीको पीडितहरूको वेबसाइटहरू लाई सम्पर्क पनि गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो भाषामा लेख्न सक्नुहुन्छ वा तपाईंलाई मद्दतको लागि दोभाषेको सेवा उपलब्ध गराइने छ। तपाईंले सम्पर्क गरेको बारेमा तपाईंको अनुमति बिना कसैलाई पनि बताइने छैन।

## फिनल्याण्डमा कर्मचारीको अधिकारको सम्बन्धमा थप जानकारी

**एनिमेशन (धेरै भाषाहरूमा) :**
riku.fi/en/various+crimes/labor+exploitation

**अध्यागमन विभाग :**
फिनिस, स्वीडिश र अंग्रेजीमा निर्देशन र सम्पर्क जानकारी:
migri.fi/en/problems-at-work-

**पेशागत सुरक्षा र स्वास्थ्य प्राधिकरण:**
फिनल्याण्डमा विदेशी कामदारको रूपमा धेरै भाषाहरूमा: tyosuojelu.fi/work-in-finland
व्यावसायिक सुरक्षा र स्वास्थ्य अधिकारीहरूबाट टेलिफोन सल्लाह ०२९५ ०१६ ६२०,
tyosuojelu.fi/web/en/home

**पीडित आपतकालीन सहायता केन्द्र:**
riku.fi/laborexploitation, फोन ०४० ६३२ ९२९३

**मानव तस्करीका पीडितहरूका लागि सहायता प्रणाली:**
ihmiskauppa.fi/en, फोन +३५८ २९५ ४६३ १७७

**फिनिश ट्रेड यूनियनको केन्द्रीय संगठन रोजगार परामर्श:**
tyoelamanpelisaannot.fi/en, फोन ०८००४१४००४

## फिनल्याण्डमा सामान्य आपतकालीन नम्बर: ११२

RIKOSUHRIPÄIVYSTYS
BROTTSOFFERJOUREN

Ministry of Economic Affairs
and Employment of Finland